**SP Swag: Sudur Pashchim Wisdom of Academic Gentry Journal**
Vol. 2, Issue 1, 2025. pp. 91–99
Research Article
DOI: https://doi.org/10.69476/sdpr.2025.v02i01.011

# Comparative Assessment from the Eastern Approach: पूर्वी र पश्चिमी सोचको मिलन

**प्रकाश कट्टारी**
Independent Research Scholar

## Article Info .

***Corresponding Email***
qattari .p99@gmail.com

***Article History***
Accepted: 2025, August 26
Received: 2025, October 15

***Cite***
Kattari, P . (2025) . Comparative Assessment from the Eastern Approach: पूर्वी र पश्चिमी सोचको मिलन. *SP Swag: Sudur Pashchim Wisdom of Academic Gentry Journal*, *2*(1), 91–99. https://doi.org/10.69476/sdpr.2025.v02i01.011

## Book Detail


Publisher: Intellectuals' Book Palace
Kirtipur, Kathmandu
Tel: +977-9849189597

Author: Anjay Kumar Mishra

Year of the Publication: First, 2022
Copyright© Author

DOI: https://doi.org/10.5281/zenodo.7748874

ISBN (Nepal): 978-9937-9523-9-2
Price: NRs . 475/-




### लेखक परिचय

*Comparative Assessment from the Eastern Approach* पुस्तकका लेखक डा. अन्जय कुमार मिश्र प्रतिष्ठित शिक्षाविद्, शोधकर्ता र चिन्तक हुन् । उहाँले कानपुर विश्वविद्यालयबाट प्रोजेक्ट म्यानेजमेन्टमा पीएचडी प्राप्त गर्नुभएको हो । आफ्नो शैक्षिक यात्रामा उहाँले मदन भण्डारी मेमोरियल एकेडेमी नेपालमा सह–प्राध्यापक तथा अनुसन्धान निर्देशकका रूपमा काम गर्नुभयो, त्यसपछि काठमाण्डौ कलेज अफ म्यानेजमेन्टमा प्राध्यापकका रूपमा योगदान दिनुभयो । हाल उहाँ मधेश विश्वविद्यालयका डीनका रूपमा कार्यरत हुनुहुन्छ।

डा. मिश्र श्रीनिवास विश्वविद्यालयका रिसर्च प्रोफेसर समेत हुनुहुन्छ। उहाँ म्यानेजमेन्ट एसोसिएसन अफ नेपालमा सक्रिय सदस्य हुनुका साथै, विभिन्न अन्तर्राष्ट्रिय संस्थासँग पनि आबद्ध हुनुहुन्छ । उहाँले असङ्ख्य अन्तर्राष्ट्रिय जर्नलहरूमा सम्पादक र सल्लाहकारका रूपमा योगदान पुऱ्याउनुभएको छ। उहाँका ३०० भन्दा बढी वैज्ञानिक लेख, ३० भन्दा बढी पुस्तक, १६ पेटेन्ट र २५ कपीराइट प्रकाशित छन्।

डा. मिश्रले २५ भन्दा बढी अन्तर्राष्ट्रिय सम्मेलनमा आफ्नो अनुसन्धान प्रस्तुत गर्नुभएको छ र १५० भन्दा बढी शोधप्रबन्ध निर्देशन गर्नुभएको छ। उहाँले आफ्नो उत्कृष्ट योगदानका लागि विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय पुरस्कारहरू प्राप्त गर्नुभएको छ। व्यवस्थापन क्षेत्रमा उहाँको योगदान र प्रभावका कारण उहाँ नेपालका विश्वविद्यालयहरूको ऱ्याङ्किङमा अग्रणी वैज्ञानिकका रूपमा सुपरिचित हुनुहुन्छ । डा. मिश्रका विचारहरू अत्यन्त मौलिक र प्रेरणादायी छन्। उहाँले पूर्वीय अध्यात्म र पश्चिमी व्यवस्थापन सिद्धान्तबीचको सन्तुलन


*Copyright (c) 2025: Author(s). Published by Sudur Paschimanchal Campus (SPC), Kailali, Nepal*

खोज्दै समाज र व्यवसाय दुवै क्षेत्रमा नयाँ दृष्टिकोण र दिशा प्रदान गर्नुभएको छ।

## विषय परिचय

शैक्षिक दृष्टिले पूर्व र पश्चिमी सोचको मिलन विषयक ग्रन्थः *Comparative Assessment from the Eastern Approach* को समीक्षा गर्नुको मुख्य कारण यसले पूर्वीय र पश्चिमी दार्शनिक, सांस्कृतिक र व्यवस्थापन सोचबीचको अन्तरलाई एकीकृत गर्ने प्रयास गरेको छ भन्ने तथ्यलाई विश्लेषण गर्नु गरेको छ (Mishra, 2022)। यस पुस्तकले पूर्वीय आध्यात्मिकता र पाश्चात्य तर्कशास्त्रका आधारभूत मतभेदहरूलाई वैज्ञानिक र व्यवस्थापकीय सन्दर्भमा पुनः मूल्याङ्कन गरेर सन्तुलन स्थापित गर्ने दृष्टिकोण प्रस्तुत गरेको छ (Blair, 2023; Chhetri,2023 ) । साथै, मानव संसाधन व्यवस्थापनसँग सम्बन्धित नैतिक पूँजी निर्माण र व्यवस्थापनका प्रक्रियामा देखा परेका चुनौतीहरूको गहिरो अध्ययन गरी व्यावहारिक समाधानका सिफारिसहरू गहन ढङ्गले प्रस्तुत गरेको छ । साथै उक्त पुस्तकबाट संस्थागत विकासमा योगदान पुऱ्याउने विभिन्न आयामहरू निर्धारण गरेको पाइन्छ (Mishra & Aithal, 2021; 2022; 2023) । शिक्षा क्षेत्रमा यसको प्रयोग र प्रभावकारीतालाई मध्यनजर गर्दै, यसले योग दर्शनमार्फत मानव विकासका आयामहरूलाई समेटेको छ, जसले समग्र विकासका लागि दीर्घकालीन दृष्टिकोण प्रदान गर्दछ (Sharestha, 2025) । यी सबै पक्षले गर्दा यो पुस्तकलाई पुनः अध्ययन गरेर पूर्व र पश्चिमी सोचको समन्वयमार्फत नयाँ ज्ञान सिर्जना गर्ने र तिनलाई आफ्नो तर्क तथा अभ्यासमा प्रयोग गर्न आवश्यक रहेको पुष्टि हुन्छ। यसले शैक्षिक अनुसन्धान तथा व्यावसायिक अभ्यास दुवैमा नवप्रवर्तन र बहुआयामिक समग्रता ल्याउने महत्त्वपूर्ण योगदान पुऱ्याउने देखिन्छ।

## पुस्तक समीक्षा

यस पुस्तकले विशेष गरी पूर्वीय सभ्यताले दिन सक्ने आध्यात्मिकता, योग, ध्यान, नैतिकता र जीवनदर्शनको महत्त्वलाई देखाएको छ भने पश्चिमी सभ्यताले विकास गरेको विज्ञान, प्रविधि, व्यवस्थापन र औद्योगिक प्रगतिलाई प्रष्ट्याएको छ । लेखकको विचारमा पूर्वीय दर्शनले मानिसलाई आत्मिक शान्ति, नैतिक आधार र करुणाको भाव दिन्छ, यसले भौतिक उत्पादन र आर्थिक समृद्धि ल्याउन सक्दैन । अर्कोतर्फ, पश्चिमी दृष्टिकोणले प्रविधि, दक्षता, औद्योगिकीकरण र व्यवस्थापनका माध्यमबाट जीवनलाई सुविधा र भौतिक सम्पन्नता दिन्छ तर यसले मानिसलाई आत्मिक रूपमा खाली बनाइदिन्छ।

पुस्तकको लेखन शैली विश्लेषणात्मक, दार्शनिक र तुलनात्मक छ । लेखकले पूर्वीय अध्यात्म, योग र नैतिकतालाई गहिरिएर व्याख्या गर्दै पश्चिमी विज्ञान, प्रविधि र व्यवस्थापनसँग तुलना गरेको छ । लेखनशैली शैक्षिक रूपले सुस्पष्ट, आदर्शपरक र व्यावहारिक उदाहरणहरूले सजिएको छ, जसले पाठकलाई समग्र दृष्टिकोण दिन्छ । यसको भाषा शैली विद्वत्तापूर्ण, औपचारिक र प्रेरणादायी छ । यसमा संस्कृत श्लोक, दार्शनिक उखान, उदाहरण र आधुनिक सन्दर्भहरूको प्रयोग गरिएको छ। भाषा सरल तर गहिरो छ, जसले शैक्षिक पाठकलाई आकर्षित गर्ने मात्र नभई आमपाठकलाई स्पष्ट र सहज ढङ्गले बुझाउँछ । यसको शब्द संरचना विद्वतापूर्ण र संतुलित छ । संस्कृत पदावली, अंग्रेजी शैक्षिक शब्दावली र सरल व्याख्यात्मक शब्दहरूको संयोजन पाइन्छ। वाक्य संरचना प्रायः लामो, व्याख्यात्मक र विश्लेषणात्मक शैलीमा छन्, जसले तुलनात्मक तर्क प्रस्तुत गरेको छ।

लेखकको साहित्यिक सार अध्यात्म र विज्ञानबीचको संवादमा निहित छ। पुस्तकले दार्शनिक गहिराइ र व्यावहारिक यथार्थलाई मिलाएर एउटा जीवन–दर्शन प्रस्तुत गर्छ, जसमा पूर्वीय आत्मिक मूल्य र पश्चिमी भौतिक प्रगतिलाई समन्वय गरेको छ। संस्कृत श्लोकहरूको प्रयोगले यसलाई साहित्यिक र सांस्कृतिक गहिराइ दिन्छ, जसले पाठकलाई परम्परा र आधुनिकताको बीचमा पुल बनाइदिन्छ। लेखकले कथ्यलाई विश्लेषणात्मक ढङ्गमा अघि बढाए पनि शैलीमा प्रेरणा, आदर्श र सामाजिक सुधारको आह्वान झल्किन्छ । यसले जीवनलाई मात्र होइन, शिक्षा, स्वास्थ्य, राजनीति, अर्थतन्त्र र व्यवस्थापनलाई पनि आध्यात्मिक दृष्टिकोणबाट पुनर्व्याख्या गर्ने प्रयास गरेको छ। "वास्तविक विकास भौतिक सुविधाले मात्र सम्भव हुँदैन, आत्मिक शान्ति र नैतिक आधारसँगको मिलनले मात्र जीवन पूर्ण हुन्छ" पुस्तकको पुस्तकको सार रहेको छ । यसरी यो कृति सामाजिक आलोचना, दार्शनिक गहिराइ र आध्यात्मिक स्पर्शको अद्वितीय मिश्रण बनेको छ ।

पुस्तकमा प्रत्यक्ष चरित्रहरू नभए पनि पूर्व र पश्चिमलाई दुई रूपक–चरित्रका रूपमा प्रस्तुत गरिएको छ। पूर्वलाई आध्यात्मिकता, योग, नैतिकता र आत्मशान्तिको प्रतीक मानिन्छ भने पश्चिमलाई विज्ञान, प्रविधि, व्यवस्थापन र भौतिक सम्पन्नताको प्रतिनिधि बनाइन्छ। यी दुई चरित्रहरूको प्रभाव परस्पर विरोधी भएजस्तो देखिए पनि पुस्तकले तिनको मिलनले मात्र समाज पूर्ण हुने सन्देश दिन्छ । पूर्वको कमजोरी गरिबी र अन्धविश्वास हो भने पश्चिमको कमजोरी आत्मिक खालीपन हो। यी चरित्रहरूको प्रभावले पाठकलाई सन्तुलन खोज्ने, जीवनलाई द्वैतभन्दा पर समग्र दृष्टिले बुझ्ने प्रेरणा दिएको छ।

पुस्तकको प्रभाव र सार यसको सन्तुलनवादी दृष्टिकोणमा निहित छ। विज्ञानले सुविधा दिन्छ तर शान्ति दिन सक्दैन, केवल अध्यात्मले शान्ति दिन्छ तर सुविधा दिन सक्दैन, दुवैको मिलनले मात्र समाज र जीवन पूर्ण हुन्छ, यसले शिक्षा, स्वास्थ्य, राजनीति, अर्थतन्त्र र व्यवस्थापन सबै क्षेत्रमा पूर्वीय नैतिकता र पश्चिमी दक्षताको संयोजन आवश्यक छ भन्ने चेतना जगाउँछ भन्ने कुरामा पुस्तकले जोड दिएको छ। भौतिकता र अध्यात्म, तर्क र विश्वास, विज्ञान र योगलाई सँगै लिएर मात्र स्थायी विकास सम्भव हुन्छ।

पुस्तकको तर्कसङगतता यसको तुलनात्मक दृष्टिकोणमा छ। पुस्तकले देखाउँछ कि –कुनै पनि सभ्यता वा जीवनदर्शन पूर्ण होइन्, पूर्वीय दृष्टिकोणले आत्मिक शान्ति, नैतिकता र आध्यात्मिक उन्नति दिन्छ तर भौतिक सम्पन्नता र प्रविधिक सुविधा दिन सक्दैन । अर्कोतर्फ, पश्चिमीय दृष्टिकोणले विज्ञान, व्यवस्थापन र प्रविधिबाट जीवनलाई सहज र आरामदायी बनाउँछ, तर आत्मिक खालीपन, तनाव र सामाजिक विखण्डन ल्याउँछ । यसैले, पुस्तकले दुवै दृष्टिकोणको मिलनलाई यथार्थ र व्यावहारिक आवश्यकता ठान्छ । यसको तर्क छ—शिक्षा, स्वास्थ्य, राजनीति वा अर्थतन्त्र कुनै पनि क्षेत्रमा एकतर्फी दृष्टिकोणले दीर्घकालीन समाधान दिन सक्दैन । आत्मा र शरीर जस्तै, अध्यात्म र विज्ञान पनि अविभाज्य हुन् । यही तर्कसङ्गत आधारले पुस्तकलाई आदर्श मात्र नभई व्यावहारिक जीवनका लागि पनि सान्दर्भिक बनाउँछ।

पूर्वीय दृष्टिकोणबाट तुलना मूल्याङ्नले नेपाली शिक्षा प्रणालीमा महत्वपूर्ण योगदान पुर्‍याएको छ। यसले नेपाली शिक्षामा सांस्कृतिक, सामाजिक, र भाषिक विविधतालाई ध्यानमा राखेर प्रभावकारी शिक्षण विधिहरू विकास गर्न मद्दत गरेको छ । पूर्वीय दृष्टिकोणले पारम्परिक शिक्षण विधिहरू भन्दा फरक तरिकाले सिक्ने प्रक्रियालाई महत्त्व दिएका छन् जहाँ विद्यार्थीहरूको सहभागीता, आपसी सम्बन्ध र सामूहिक प्रयासलाई प्राथमिकता दिइन्छ। यसले सिकाइमा व्यवहारिकता र सजीवता ल्याउँछ, जसले विद्यार्थीहरूलाई अझ सक्रिय र आत्मनिर्भर बनाउँछ। साथै, पूर्वीय दृष्टिकोणले शिक्षक र विद्यार्थीबीचको अन्तर्क्रियालाई बलियो बनाउने उपायहरू सुझाउँछ, जसले सिकाइको गुणस्तरमा सुधार ल्याउँछ । नेपाली शिक्षालाई परम्परागत थिमहरू भन्दा बाहिर निकालेर नवीनतम र सिर्जनात्मक शिक्षण तरिका अपनाउन यो दृष्टिकोणले सघाउ पुर्‍याएको छ । यसले स्थानीय सन्दर्भसँग मेल खाने सामग्री र गतिविधिहरू विकास गर्न प्रेरित गर्दै शिक्षाको प्रभावकारिता बढाएको छ । समग्रमा पूर्वीय दृष्टिकोणले नेपाली शिक्षा प्रणालीमा सन्तुलित र समृद्ध सिकाइ वातावरण सिर्जना गर्न ठूलो भूमिका खेलेको छ।

पूर्वीय दृष्टिकोणबाट गरिएको तुलना मूल्याङ्कनले नेपाली शिक्षा र संस्कृतिमा नयाँपन र मौलिकता ल्याएको छ । यसले परम्परागत पश्चिमी दृष्टिकोणभन्दा फरक तरिकाले ज्ञान, संस्कृति, र मूल्यहरूको महत्त्वलाई उजागर गरेको छ। पूर्वीय दर्शनमा आधारित मूल्य र सिद्धान्तहरू जीवनलाई गहिरो अर्थ र नैतिकताका साथ व्यवहार गर्ने तरिका सिकाउँछन्। यो दृष्टिकोणले शिक्षा र संस्कृतिमा चरित्र निर्माण, आत्मज्ञान, र समाजहितलाई मुख्य स्थान दिन्छ । पूर्वीय तुलना मूल्याङ्कनले परम्परागत शिक्षण विधिको सीमितता परिमार्जन गर्दै समुदाय र सांस्कृतिक सन्दर्भसँग मेल खाने नयाँ सिकाइका उपायहरू विकास गरेको छ। यसले शिक्षक र विद्यार्थीबीचको सम्बन्धलाई अझ सक्रिय र समावेशी बनाएको छ। यस नयाँ तरीकाले शिक्षा प्रणालीलाई नेपाली परिवेशमा बढी सान्दर्भिक र प्रभावकारी बनायो । कुल मिलाएर, पूर्वीय दृष्टिकोणबाट गरिएको तुलना मूल्याङ्कनले शिक्षा प्रणालीमा नीतिगत सुधार, नैतिक विकास र सांस्कृतिक संरक्षणमा महत्वपूर्ण योगदान पुर्‍याएको छ।

पुस्तकले शिक्षा, स्वास्थ्य, राजनीति, अर्थतन्त्र र समाज जस्ता क्षेत्रहरूमा पूर्व र पश्चिमको समन्वय कसरी गर्न सकिन्छ भन्ने विषयमा पनि व्याख्या गरेको छ। शिक्षा प्रणालीमा विज्ञान र प्रविधिसँगै योग, ध्यान र नैतिक शिक्षा समावेश हुनुपर्ने कुरा लेखकले जोड दिएका छन्। स्वास्थ्य क्षेत्रमा आधुनिक औषधि र प्रविधि मात्र होइन, योग, ध्यान र आयुर्वेदको प्रयोगले मानिसलाई समग्र उपचार दिन सक्ने तर्क प्रस्तुत गरिएको छ। राजनीति र नेतृत्वमा दक्ष व्यवस्थापन (पश्चिमी सोच) र इमानदारी तथा सत्यनिष्ठा (पूर्वीय सोच) दुवैको संयोजन आवश्यक छ भन्ने कुरा प्रष्ट्याइएको छ।

अर्थतन्त्र र उद्योग व्यवस्थापनको क्षेत्रमा पुस्तकले स्पिरिचुअल म्यानेजमेन्ट्र को अवधारणा अघि सारेको छ। लेखकका अनुसार व्यवसाय केवल नाफा कमाउनका लागि मात्र होइन, समाज, वातावरण र मानव कल्याणका लागि पनि हुनुपर्छ। यदि व्यवस्थापनमा नैतिकता, अध्यात्म र योगलाई जोड्न सकियो भने कम्पनीहरू दीर्घकालीन रूपमा सफल मात्र नभई सामाजिक रूपमा उत्तरदायी पनि बन्न सक्छन्।

डा. मिश्राको पुस्तकले यो कुरा जोड दिन्छ कि संसारको वास्तविक विकास त्यतिबेला मात्र सम्भव हुन्छ जब पूर्व र पश्चिम दुवैको सोच एकअर्काबाट सिक्छ र परस्पर आदान–प्रदान गर्छ। पूर्व आध्यात्मिकता, नैतिकता, योग र आत्मिक शान्तिमा सम्पन्न छ भने पश्चिम विज्ञान, प्रविधि, धन र व्यवस्थापनमा शक्तिशाली छ। यदि यी ज्ञानहरू अलगअलग चले भने दुवै अधूरा रहन्छन्। पूर्वको कमजोरी भौतिक सम्पन्नताको कमी हो भने पश्चिमको कमजोरी आत्माको खालीपन हो।

जस्तै, एउटा गरीब मानिसले केवल भात खायो भने पेट त भरिन्छ तर शरीरमा बल आउँदैन। केवल दाल खायो भने स्वाद त आउँछ तर पच्दैन। तर दाल–भात सँगै खाँदा पेट पनि भरिन्छ र शरीरमा शक्ति पनि आउँछ। त्यसैगरी अध्यात्म (पूर्व) र विज्ञान (पश्चिम) सँगै मिल्दा जीवन पूरा हुन्छ।

*विद्या विज्ञानं च धर्मश्च, यदा संगच्छते तदा*
*मानवस्य कल्याणाय मार्गः सुसम्यक् भवति ।*

यस मिलनले समाजमा सन्तुलन आउन सक्छ। यदि मानिसको पेट भरिएको छ र मन सन्तुष्ट छ भने मात्र ऊ परिवार, समाज र राष्ट्रका लागि केही सत्य काम गर्छ।

लेखकले प्रष्टसँग भन्छन्, पश्चिमी समाजले धेरै भौतिक सम्पन्नता हासिल गर्यो – मोटर, कारखाना, पैसा, आधुनिक जीवनशैली। तर भित्र एउटा खालीपन छ। आत्मा सन्तुष्ट छैन। त्यसैबेला पूर्वी सभ्यता, भारतसहित, अध्यात्म, ध्यान, योग र धर्ममा सम्पन्न थियो तर भौतिक शक्ति थिएन। त्यसैले अब दुवै मिलेर अघि बढ्नु जरुरी छ।

पश्चिमसँग कम्प्युटर र मोटर छ, तर मन अशान्त छ। पूर्वसँग संन्यासी र साधु छन्, तर खानको अन्न छैन। त्यसैले अब काम यो हो कि दुवैलाई जोड्नुपर्छ – मोटर र ध्यान, कम्प्युटर र योग, भात र दाल। जति सन्तुलन हुन्छ, त्यति जीवन सुन्दर हुन्छ।

*आत्मबलं च विज्ञानं च, उभयं साधनं महत्*
*एकं विना न सम्पूर्णं, द्वयं संगम्य जीवितम्।*

पूर्वको विशेषता योग र अध्यात्ममा छ। योग केवल जिम–जस्तै आसन होइन, बरु यसले मानिसको चेतनालाई जागृत गर्छ। योगले शरीरलाई बलियो बनाउँछ, मनलाई शान्त बनाउँछ र आत्मालाई शुद्ध बनाउँछ। मानिसले योग गर्दा लोभ, क्रोध र मोहलाई नियन्त्रणमा राख्छ।

खेतमा मेढ भए पानी टिक्छ र बाली हरियो रहन्छ। यदि मेढ फुट्यो भने पानी बग्छ र खेत सुक्छ। त्यसैगरी योग शरीर, मन र आत्माको मेढ हो। योग नभए मन भत्किन्छ र जीवन सुख्खा हुन्छ।

*योगश्चित्तवृत्तिनिरोधः।*

योग भन्नाले मनको चञ्चलतालाई रोक्नु हो। आजको समाजमा तनाव, रोग र बेचैनी धेरै छ। योग र अध्यात्मले मानिसको मन शान्त पार्छ, परिवारको झगडा घटाउँछ, समाजमा शान्ति ल्याउँछ। यसले व्यक्तिगत मात्र होइन, सामाजिक जीवनलाई पनि सन्तुलित बनाउँछ। पश्चिमी सभ्यताको बल विज्ञान र व्यवस्थापनमा छ। उनीहरूले तर्क र प्रयोगबाट वस्तुहरू बनाए। औद्योगिक क्रान्तिबाट कारखाना, मेसिन, रेल र हवाईजहाज बने। पश्चिमको विशेषता भनेको उसले हरेक कुरालाई नापजोख गर्छ र नियन्त्रणमा लिन्छ। तर पश्चिमको कमजोरी आत्मिक जीवनको खालीपन हो। ठूलो–ठूलो घर र मोटर छ तर परिवारमा मेलमिलाप छैन। पैसा छ तर निद्रा हराइसकेको छ। विज्ञानले सुविधा दियो तर शान्ति दिन सकेन।

*विज्ञानं यन्त्रसंपन्नं, चेतनाविहीनं चेत्*
*सुखं न ददात्येव, दुःखमेव प्रसारयेत् ।*

विज्ञानको प्रयोग अत्यन्तै जरुरी छ, तर यदि विज्ञान चेतना र अध्यात्मबिनाको प्रयोगमा आयो भने त्यो विनाश ल्याउँछ। परमाणु बम, वातावरण प्रदूषण र युद्ध – यी सबै विज्ञान बिनाको अध्यात्मका परिणाम हुन्।

मानव सभ्यताको यात्रा हजारौँ वर्षदेखि निरन्तर अगाडि बढिरहेको छ। यस यात्रामा पूर्व र पश्चिम दुई पुवीय दृष्टिकोणका रूपमा विकास भएका छन् । पूर्वीय जगत्, विशेष गरी नेपाल, भारत, चीन र जापानले आत्मा, अध्यात्म, योग, ध्यान र नैतिकतालाई जीवनको केन्द्रमा राखेका छन् भने पश्चिमले विज्ञान, प्रविधि, औद्योगिकीकरण, व्यवस्थापन र भौतिक समृद्धिलाई प्रगतिको सूचक मानेको छ। डा. अन्जय कुमार मिश्राको पुस्तकले यी दुई भिन्न दर्शन बीचको सम्बन्धलाई गहिराइका साथ व्याख्या गर्दै सन्तुलनमा जोड दिएको छ। उनको विचारमा मानव जीवन पूर्ण र सन्तुलित हुनका लागि पूर्वीय आध्यात्मिकता र पश्चिमी विज्ञान दुवैको संयोजन अपरिहार्य हुन्छ। तर प्रश्न उठ्छ—यो विचार केवल आदर्शपरक दर्शन हो वा नेपाल जस्तो मुलुकमा व्यावहारिक रूपले कार्यान्वयन गर्न सकिने खालको व्यवहारिक खाका पनि हो? यस निबन्धमा त्यही प्रश्नको आलोचनात्मक विश्लेषण गरिनेछ।

पूर्वीय दृष्टिकोणले आत्मिक शुद्धता, योग र ध्यानलाई केन्द्रमा राख्छ। यसको मूल ध्येय मानिसलाई लोभ, मोह र क्रोधजस्ता मानसिक अशुद्धिबाट मुक्त गरेर आत्मिक स्थिरता दिलाउनु हो । योगले शरीरलाई बलियो बनाउँछ, ध्यानले मनलाई स्थिर पार्छ, र धर्मले जीवनलाई नैतिक आधार दिन्छ। नेपालका गाउँघरमा अझै पनि यस्ता संस्कारहरू जीवित छन्। विहान सबेरै पूजापाठ, साँझपख भजनकीर्तन, उत्सव–पर्वमा सामूहिकता यी सबै पूर्वीय सोचका जरा हुन् । तर यस्ता आध्यात्मिक अभ्यासले मात्र जीवन धान्न सकिँदैन । भौतिक उत्पादनको कमी, रोजगारीको अवसरको न्यूनता, शिक्षाको पहुँचको कमी र पूर्वाधार विकासमा ढिलोपना पूर्वीय दृष्टिकोणको कमजोरीका रूपमा देखिन्छ।

पश्चिमी दृष्टिकोणको आधार तर्क, प्रयोग र वैज्ञानिक अनुसन्धान हो । औद्योगिक क्रान्तिपछि पश्चिमी समाजले उत्पादनमा अभूतपूर्व वृद्धि गर्‍यो । विज्ञान र प्रविधिको प्रयोगले यातायात, सञ्चार, स्वास्थ्य, शिक्षा सबै क्षेत्रमा सुविधाको नयाँ युग ल्यायो । व्यवस्थापनले संस्थागत संरचनामा दक्षता र पारदर्शिता बढायो । नेपालमा पनि पश्चिमी प्रविधिको प्रभाव देख्न सकिन्छ—मोबाइल फोन, इन्टरनेट, सामाजिक सञ्जाल, मोटर, आधुनिक अस्पताल र विद्यालयहरूले मानिसको दैनिक जीवनमा परिवर्तन ल्याएका छन्। तर पश्चिमी मूल्यहरू निरपेक्ष सकारात्मक छैनन्। तीसँगै मानसिक तनाव, परिवार विखण्डन, सामाजिक सम्बन्धमा दूरी र आत्मिक शून्यता पनि बढेको छ।

नेपाललाई हेर्दा यो मुलुक न त पूर्ण पूर्वीय छ, न पूर्ण पश्चिमी । ग्रामीण क्षेत्रमा अझै पनि परम्परागत धर्म, संस्कार र आध्यात्मिक मूल्य बलियो छन् भने शहरी क्षेत्रमा आधुनिक प्रविधि, उपभोग्य संस्कृति र व्यवस्थापनले प्रवेश गरिसकेको छ। तर यी दुईबीच आवश्यक सन्तुलन छैन। यही कारण नेपाल "संक्रमणशील समाज" को अवस्थामा छ। डा. मिश्राले भनेझैँ नेपालको भविष्य सुरक्षित र स्थिर बनाउन पूर्व र पश्चिम दुवैको ज्ञानलाई संयोजन गर्न आवश्यक छ । लेखकले विभिन्न लेखमा पनि पुर्वि व्यवस्थापनको फरक पृष्ठभूमिलाई उजागर गरिरहेका हुन्छन् । जस्तै कि भूईचालोको समयमा नेपालीले जुन धर्म माने पनि भगवान भनेरै सहायता खोज्छन् । चाहे ल्यापटप किन्ने बेलामा जुन धर्म माने पनि ल्यापटप ढोगेरै किन्छन् जस्ता तर्कहरु समेत दिएको देखिन्छ (Mishra, 2018; Narnaware & Kumar, 2022; Thakur & Chhetri, 2024) ।

शिक्षा प्रणाली यस संयोजनको प्रमुख आधार हुन सक्छ। विद्यालयमा विज्ञान, गणित, प्रविधि सिकाउनुपर्छ तरसँगै योग, ध्यान र नैतिक शिक्षालाई पनि अनिवार्य बनाउनुपर्छ। अहिले नेपालका विद्यालयहरू पश्चिमी पाठ्यक्रममा बढी केन्द्रित छन् जसले विद्यार्थीलाई प्रवासी श्रमिक बनाइरहेको छ। अर्कोतर्फ, केवल परम्परागत संस्कारमा आधारित शिक्षा दिने विद्यालयहरूले आधुनिक प्रतिस्पर्धामा असक्षम युवाहरू उत्पादन गरिरहेका छन्। त्यसैले शिक्षा प्रणालीमा पूर्वीय र पश्चिमी मूल्यहरूको सन्तुलित संयोजन जरुरी हुन्छ।

स्वास्थ्य क्षेत्रमा पनि यही कुरा लागू हुन्छ। आधुनिक प्रविधि, अस्पताल र औषधिले जीवन बचाउने क्षमता बढाएको छ । तर मानसिक रोग, तनाव, असन्तोष अझै ठूलो समस्या बनेको छ। योग, ध्यान र आयुर्वेदलाई स्वास्थ्य

प्रणालीमा समावेश गर्न सकियो भने उपचार अझै समग्र र प्रभावकारी हुन सक्छ। उदाहरणका लागि, अस्पताललले केवल शल्यक्रिया वा औषधि नदिई योग कक्षा, ध्यान सत्र र जीवनशैली परामर्श पनि उपलब्ध गराउनुपर्छ।

राजनीतिक नेतृत्वमा पश्चिमी व्यवस्थापन र पूर्वीय नैतिकता दुवैको आवश्यकता हुन्छ। पारदर्शिता, जवाफदेहिता र दक्षता पश्चिमी व्यवस्थापनको उपहार हो। तर इमानदारी, करुणा, सत्यनिष्ठा पूर्वीय मूल्य हुन्। नेपालमा भ्रष्टाचार र अव्यवस्था किन बढ्छ भने त्यहाँ दक्षता त छ तर नैतिकता छैन। अर्को पाटोमा धार्मिक वा आध्यात्मिक भाषण गर्ने नेतामा नैतिकता त देखिन्छ तर व्यवस्थापन र पारदर्शिताको कमी हुन्छ। यसैले दुवै पक्षलाई संयोजन गर्न जरुरी हुन्छ।

अर्थतन्त्रमा पनि यो द्वन्द्व स्पष्ट छ। उद्यमशीलता, प्रविधि र प्रतिस्पर्धा पश्चिमी सोचका उपहार हुन् भने सामाजिक न्याय, समुदाय–केन्द्रित विकास र दान संस्कार पूर्वीय सोचका योगदान हुन्। नेपालमा उद्योगधन्दाले समाज र वातावरणलाई ध्यान नदिई केवल मुनाफा कमाउने हो भने दीर्घकालीन विकास सम्भव हुँदैन। तर केवल दान संस्कारले पनि दीर्घकालीन रोजगार सिर्जना हुँदैन। त्यसैले व्यवसायलाई सामाजिक उत्तरदायित्वसँग जोड्नुपर्ने आवश्यकता छ।

समाजमा शान्ति र स्थायित्व ल्याउन परिवारको भूमिकालाई बेवास्ता गर्न मिल्दैन। पश्चिमी समाजमा परिवार विखण्डन गम्भीर समस्या बनेको छ भने पूर्वीय समाजमा परिवारप्रतिको निष्ठा अझै बलियो छ। तर नेपालमा पनि शहरीकरण र प्रवासी श्रमका कारण परिवार विखण्डन बढ्दै गएको छ। यसलाई सन्तुलनमा राख्न आर्थिक आत्मनिर्भरता (पश्चिमी आधार) र सांस्कृतिक सम्बन्ध (पूर्वीय आधार) दुवैलाई जोड्नुपर्छ।

डा. मिश्राको विचारलाई आलोचनात्मक दृष्टिले हेर्दा, उनी आदर्शपरक पक्षमा बढी केन्द्रित देखिन्छन्। उनले पूर्व र पश्चिमको संयोजनको आवश्यकता त देखाएका छन् तर व्यावहारिक चुनौतीहरूको पर्याप्त चर्चा गरेका छैनन्। नेपालको सामाजिक संरचना अझै जातीय विभाजन, लैङ्गिक असमानता र पितृसत्ताले ग्रस्त छ। पूर्वीय दर्शनले करुणा र समानताको कुरा गरे पनि व्यवहारमा जातीय विभेद अझै गहिरो छ। पश्चिमी मूल्यहरूले लोकतन्त्र र मानवअधिकारको शिक्षा दिएका छन् तर व्यवहारमा कार्यान्वयन अपूरा छन्। त्यसैले केवल संयोजनको आदर्श प्रवचनले मात्र पर्याप्त हुँदैन, संरचनागत सुधार र नीतिगत दृढता आवश्यक हुन्छ। नेपालमा भ्रष्टाचार र अव्यवस्था ठूलो चुनौती बनेको छ। पश्चिमी शैलीको व्यवस्थापन ल्याइए पनि नैतिकता नभए भ्रष्टाचार बढ्छ। पूर्वीय अध्यात्म थोपरे पनि भौतिक विकास बिना बेरोजगारी घट्दैन। नेतृत्वमा नैतिक साहस नभएसम्म संयोजन केवल पुस्तकमा मात्र सीमित हुन्छ। यसैले डा. मिश्राको पुस्तकले दिएको सन्देश मूल्यवान भए पनि व्यावहारिक चुनौतीहरूको गहिरो विश्लेषण अझै हुन बाँकी छ।

नेपाललाई समृद्ध र स्थिर बनाउन पूर्वीय आध्यात्मिकता र पश्चिमी विज्ञान दुवै आवश्यक छन्। केवल पश्चिमी प्रविधिमा भर पर्नाले आत्मिक शून्यता बढ्छ। केवल पूर्वीय अध्यात्ममा टेकेर बस्नाले गरिबी र अशिक्षा हट्दैन। दुवै मिलाउँदा मात्र विज्ञानले सुविधा दिन्छ र अध्यात्मले सन्तोष दिन्छ। यही सन्तुलनले जीवनलाई पूर्ण र समाजलाई स्थिर बनाउन सक्छ। नेपालको भविष्य यही संयोजनमा निहित छ।

पूर्वीय दृष्टिकोणबाट गरिएको तुलना मूल्याङ्कनका केही कमजोरीहरू छन्। पहिलो, यो दृष्टिकोण कतिपय अवस्थामा परम्परागत मान्यतामा सीमित रहिरहन्छ र आधुनिक शिक्षण पद्धतिहरूसँग मेल नखाल्ने हुन्छ। दोस्रो, यसले प्रायः सांस्कृतिक र सामाजिक विविधतालाई पूर्णरूपमा समेट्न नसक्ने सम्भावना हुन्छ, जसले गर्दा स्थानीय आवश्यकतामा आधारित व्यवहारिक समाधानहरू विकास गर्न समस्या उत्पन्न हुन सक्छ। तेस्रो, पूर्वीय दृष्टिकोणमा विश्लेषण गर्दा व्यावहारिक र वैज्ञानिक प्रमाणहरूको कमीले यसलाई कमजोर बनाउँछ। चौथो, यस दृष्टिकोणले शिक्षक र विद्यार्थीहरूको क्षमता र स्रोतहरूको अभावलाई कम गरेर हेर्ने सम्भावना हुन्छ, जुन सिकाइको गुणस्तरमा बाधक हुन्छ। पाँचौँ, मूल्याङ्कनमा पारदर्शिता र मानकीकरणको अभावले नेपालको बहुभाषिक र बहुसांस्कृतिक परिवेशमा

सही मूल्याङ्कन कार्यान्वयनमा चुनौती पुऱ्याउँछ। अन्ततः, पूर्वीय दृष्टिकोणले कहिलेकाहीं नयाँ विचार र प्रविधिहरूको प्रयोगमा ढिलाइ गर्ने र परम्परागत शिक्षण विधिहरूलाई धेरै प्राथमिकता दिने हुँदा आधुनिक सिकाइ प्रविधिहरूको प्रभावकारी उपयोगमा बाधा पुऱ्याउन सक्छ । यस्तो सीमितताले मूल्याङ्कन विधिको प्रभावकारिता घटाउँछ।

पुस्तक पठन र अभ्यासका लागि उपयुक्त छ वा छैन भन्ने प्रश्नमा, यो पुस्तकले पूर्वी दर्शन र परम्परागत मूल्यहरुलाई समेट्दै नेपाली तथा अन्य पूर्वीय सामाजिक सन्दर्भमा तुलनात्मक विश्लेषण गरेको छ। यसले पाठकलाई आफ्नो सांस्कृतिक, सामाजिक र दार्शनिक पृष्ठभूमि बुझ्न सहयोग पुऱ्याउँछ । पुस्तकले जीवनमा नैतिकता, आध्यात्मिकता र समाज सेवा जस्ता महत्वपूर्ण पक्षहरूको महत्वलाई प्रस्तुत गर्दै नयाँ दृष्टिकोण प्रदान गर्छ । यसले पाठकलाई समाज र व्यक्तित्व विकासतर्फ प्रेरित गर्छ र आफ्ना सोच तथा व्यवहारमा परिवर्तन ल्याउन सक्ने क्षमतामा वृद्धि गर्छ। पुस्तकको विश्लेषणशक्ति र तुलनात्मक दृष्टिकोणले पाठ्यक्रम, दर्शन र सामाजिक संरचनामा गहिरो समझ विकास गर्छ । यसले पूर्व र पश्चिमी विचारधाराबीचको अन्तर, सम्वाद, र साझा मूल्य निर्माणमा योगदान पुर्याउँछ। आधुनिक शिक्षादीक्षा र समाज सुधारमा पुस्तकले उपयोगी सुझावहरू दिन्छ।

यो पुस्तक नेपाली पठन पाठनका लागि एउटा मौलिक र आवश्यक स्रोत हो। यसले केवल ज्ञानमात्र होइन, हामीले यथार्थ जीवनमा आफ्नो संस्कृतिलाई कसरी सम्बोधन गर्ने भनेर सिकाउँछ । यसले व्यक्तिगत तथा सामाजिक विकासका लागि सहि मार्गनिर्देशन गर्दछ। अनौठो तरिका र दृष्टिकोणको कारण यसले नयाँ सोच र अध्यात्मिक चेतना जगाउन मद्दत गर्छ, जसले हाम्रो जीवनमा सकारात्मक प्रभाव पार्न सक्नेगर्छ।

पुस्तकले पूर्वको आध्यात्मिकता, योग, ध्यान र नैतिकतासँगै पच्छिमको विज्ञान, प्रविधि तथा व्यवस्थापनलाई समेटेर दुई दुनियाको सन्तुलन र समन्वयको आवश्यकतामा जोड दिएको छ। यसबाट पाठकले आफ्नो व्यक्तिगत जीवन र समाजको प्रगतिको लागि दुवै पक्षको महत्त्वबुझ्ने मौका पाउँछन्। पुस्तकले भौतिक सामग्री र आध्यात्मिकता बीचको अन्तर र त्यसको मेलले जीवनलाई कसरी पूर्ण बनाउन सकिन्छ भन्ने स्पष्ट रुपले देखाएको छ।

पूस्तकले साहित्य, जीवन र विश्वग्रामको सामाजिक व्यवस्थापनमा गम्भीर योगदान पुऱ्याएको छ । साहित्यिक क्षेत्रमा, यसले पश्चिमा चिन्तनको प्रभुत्व रहेको वैश्विक विमर्शमा पूर्वीय दर्शन, साहित्यिक परम्परा र आलोचनात्मक निकषहरूलाई एक सशक्त वैकल्पिक दृष्टिकोणको रूपमा स्थापित गरेर विचारधाराको विविधता ल्याएको छ। जीवनका लागि भने, यस ग्रन्थले भौतिकवाद र व्यक्तिवादबाट उत्पन्न आधुनिक संकटका बीच पूर्वीय मूल्यहरू जस्तै सादगी, आन्तरिक शान्ति, सामुदायिक सद्भाव र आध्यात्मिकता जस्ता सार्वभौमिक जीवनमूल्यहरूको पुनरावलोकन गर्न लगाएको छ । विश्वग्राम रूपी आधुनिक समाजमा सामाजिक व्यवस्थापनको सन्दर्भमा, यसले सामूहिक कलयाण, प्रकृतिसँगको सामञ्जस्य, सहिष्णुता र 'वसगम्धैव कुटुम्बकम' जस्ता पूर्वीय अवधारणाहरूलाई वैश्विक समस्याहरू जस्तै भ्रष्टाचार, असंतुलन र नैतिक पतनको समाधानको रूपमा प्रस्तावित गर्दछ । यसप्रकार, यो पुस्तकले एकपक्षीय दृष्टिकोणलाई मिटाउँदै एउटा समग्र, सन्तुलित र मानवीय दृष्टिकोण प्रदान गरेर विश्वबासीको चिन्तनलाई समृद्ध बनाउने महत्त्वपूर्ण कार्य गरेको छ।

पुस्तकले साहित्य, जीवन र विश्वग्रामको सामाजिक व्यवस्थापनमा गहिरो योगदान पुर्याएको छ । साहित्यिक क्षेत्रमा यसले पश्चिमी प्रभुत्व रहेको वैश्विक चिन्तनमा पूर्वीय दर्शन, मूल्यमान्यता र व्यवहारलाई महत्त्वपूर्ण तुलनात्मक ढाँचाको रूपमा प्रस्तुत गरेर वैचारिक विविधतालाई समृद्ध बनाएको छ । यसले तुलनात्मक अध्ययन र पूर्वी साहित्यिक आलोचनालाई नयाँ आधार दिँदै साहित्यिक मूल्याङ्कनका लागि पूर्वीय सौन्दर्यशास्त्र, रससिद्धान्त र आध्यात्मिकतालाई नयाँ निकषको रूपमा स्थापित गरेको छ। जीवनका लागि यस पुस्तकले आधुनिक भौतिकवादी जीवनशैलीबीच सादगी, सन्तुष्टि, अहिंसा, करुणा जस्ता पूर्वीय जीवनमूल्यहरूको पुनःस्थापना गरेर आन्तरिक शान्ति र आध्यात्मिक विकासलाई बढावा दिएको छ। विश्वग्रामको

सामाजिक व्यवस्थापनमा यसले सामूहिक कल्याण, सहिष्णुता र 'वसुधैव कुटुम्बकम' जस्ता पूर्वीय अवधारणाहरू मार्फत विविधताभित्र सामंजस्य, धर्म र सेवामा आधारित नेतृत्व र प्रकृतिसँग सन्तुलन कायम राख्ने टिकाउ विकासको मार्ग प्रशस्त गरेको छ। यसप्रकार, यो पुस्तकले एकपक्षीय दृष्टिकोणलाई मिटाउँदै समग्र र सन्तुलित दृष्टिकोण प्रदान गरेर शान्तिपूर्ण विश्वग्राम निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ।

विश्व दृष्टिकोणबाट शिक्षा, सामाजिक विकास र नैतिक परिवर्तनका लागि उपयोगी साबित हुन्छ। यसले मानिसलाई भौतिक प्रगति मात्र होइन, आन्तरिक शान्ति र जीवन मूल्यहरूको खोजीमा प्रेरित गर्दछ। पुस्तकले व्यवसाय, शिक्षा र समाजमा नैतिकता जोडेर दीर्घकालीन संतुलन र विकासको लागि गहिरो सोच्न बाध्य बनाउँछ। साहित्यिक भाषाशैली सरल भए तापनि गम्भीर विषयलाई समेटेको यसले विभिन्न क्षेत्रका पाठकहरूलाई विचार गर्ने प्रेरणा दिन्छ। समग्रमा, डा'. मिश्रा द्वारा लिखित यो पुस्तक आधुनिक युगमा पूरब र पश्चिमबीच सन्तुलन कायम राख्नका लागि एक अमुल्य स्रोत हो। पुस्तकको मूल सन्देश यही हो कि यी दुई पूर्वीय मूल्यहरूबीच संयोजन आवश्यक छ।

प्रत्येक समाज कानूनी व्यवस्था र यसको प्रक्रियामा निर्भर हुन्छ, साथै यो जनताको नैतिकतामा पनि निर्भर हुन्छ। वर्तमान नेपालमा, कानूनी कार्यवाहीको आधार तय गर्न नैतिकता खाली भाँडो जस्तो देखिन्छ। समाज र देशको कुनै पनि संरचनालाई संरक्षण र प्रवर्धन गर्न, तर नैतिकताको अभावमा, एसियामा कानून र कानूनी गतिविधिहरू भ्रष्टाचार, असंतुलन, र अनैतिक कानूनको परिणामस्वरूप ढल्न पुग्छन्। हरेक समाज कानुनी प्रावधान र यसको प्रक्रियामा निर्भर रहन्छ, साथसाथै जनताको नैतिकतामा पनि निर्भर हुन्छ। वर्तमान नेपालमा कानूनी कार्यवाही चलाउनको लागि आवश्यक नैतिकताको अवस्था एकदमै नाजुक र खाली देखिन्छ। समाज र देशको कुनै पनि संरचनालाई संरक्षण गर्न र अगाडि बढाउन, तर नैतिकताको अभावमा, एसियामा कानून र कानूनी कार्यवाहीहरू भ्रष्टाचार, असंतुलन र अनैतिकताको कारणले असफल हुन्छन्।

समग्रमा, पुस्तकले पूर्वीय अध्यात्म र पश्चिमी विज्ञानबीचको संयोजनलाई मानव जीवन र समाजको पूर्ण विकासका लागि अपरिहार्य देखाएको छ। पूर्वीय सोचबिनाको विज्ञान विनाशकारी बन्न सक्छ भने पश्चिमी प्रविधिबिनाको अध्यात्म अधूरो हुन्छ। दुवैको मिलनबाट मात्र समाजमा शान्ति, सन्तुलन र स्थायी विकास सम्भव हुन्छ भन्ने विचार पुस्तकको मुख्य सन्देश हो। पूर्वीय आध्यात्मिकता र पश्चिमी विज्ञानबीचको सन्तुलित संयोजनले मात्र समाजमा शान्ति, सन्तुलन र स्थायी विकास सम्भव हुन्छ।

**सन्दर्भ सामग्री सूची**

Blair, G. (2023). *Book review: A reference book on comparative assessment from the Eastern approach. Journal of Advance Research in Occupational and Marketing Managment*, *6*(1),1–2. https://doi.org/10.5281/zenodo.7748874

Chhetri, S. (2023). A reference book on comparative assessment from the Eastern approach: Book review. *Journal of Emerging Technologies and Innovative Research* (*JETIR*), *10*(4), d636.

Mishra, A. K. (2018). Sustainability and risk assessment of Salyankot water supply project in post-earthquake scenario. *International Journal of Operations Management and Information Technology*, 8(1), 1-30. https://doi.org/10.5281/zenodo.7113124

Mishra, A. K. (2022). *A reference book on comparative assessment from the Eastern approach*. Intellectual's Book Palace. https://doi.org/10.5281/zenodo.7113124

Mishra, A. K., & Aithal, P. S. (2021). Factors and features influencing laptop users of Kathmandu, Nepal. *International Journal of Case Studies in Business, IT, and Education* (*IJCSBE*), *5*(1), 132–142. http://doi.org/10.5281/zenodo.4940049

Mishra, A. K., & Aithal, P. S. (2022). Considerations and conundrums that confronted throughout the recruiting process. *International Journal of Research–Granthaalayah*, *10*(11), 18–31. https://doi.org/10.29121/granthaalayah.v10.i11.2022.4891

Mishra, A. K., & Aithal, P. S. (2023). Building ethical capital through human resource. *International Journal of Management, Technology, and Social Sciences* (*IJMTS*), *8*(1), 1–15. https://doi.org/10.5281/zenodo.7519862

Narnaware, N. B., & Kumar, A. D. (2022). Educational development and evaluation: A case study from Nepal. *Saudi Journal of Engineering and Technology*, *7*(9), 513–519. https://doi.org/10.36348/sjet.2022.v07i09.001

Sharestha, E. B. (2025, June 17). Chapter review: Human development – Vision of yoga: A reference book on comparative assessment from the Eastern approach. *National Education Conference 2082, Ministry of Education and Culture*, Madhesh Province, Nepal. https://doi.org/10.5281/zenodo.15678944

Thakur, R., & Chhetri, S. (2024). Life and learning of Nepal's best scientist: Insights from the untimely demise. *Journal of Advanced Research in English & Education*, *9*(1), 1–7.